परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ४२ २०७८ जेठ ९ गते आईतवार Sunday 23, MAY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोरोना संक्रमणको वेला अक्सिजन ग्यास डिलरमा उपमेयरको अनुगमन

बिराटनगर । कोरोना भाईरस संक्रमणको कारण बजारमा अक्सिजन ग्यास सिलिण्डरको अभाव भएको जनगुनासो आएपछि विराटनगर महानगर पालिकाकी उपमेयर इन्दिरा कार्कीको नेतृत्वमा अक्सिजन ग्यास डिलरहरुमा अनुगमण गरेको छ ।



कोरोना भाईरस संक्रमणको संख्या दिनप्रति दिन बढदै गइरहेको अवस्थामा महानगरपालिका भित्र अक्सिजनमा अभाव हुन नदिन र कालोबजारी रोक्नका लागि उपमेयर कार्कीको नेतृत्वमा अक्सिजनका डिलहरुमा गरिएको हो ।

विनायक अक्सिजन इन्डष्ट्रिज र भाजुरत्न इन्जिनीयरिंग एण्ड सेल्स लिमिटेडले उत्पादन गरेको अक्सिजन ग्यास डिलरमा अनुगमन गरेपछि सर्वसाधारणले घरमै सिलिन्डर होल्ड गरेका कारण बजारमा असक्सिजन अभावभएको भ्रम सृजना भएको छ । अक्सिजनको अभावले गर्दा अरु विरामीहरुलाई असर नपर्ने गरी घरमा होल्ड गरेर राखिएको सिलिन्डरहरु कम्पनीका डिलरहरुलाई फिर्ता गर्न विराटनगर महानगरपालिकाकी उपमेयर कार्की आग्रह गर्नु भएको छ ।

उत्पादन धेरै गर्न सकिने अवस्था भएपनि सिलिन्डर अभावमा उद्योग आधा समयमा मात्रै सञ्चालन हुने गरेको विनायक अक्सिजनका मेनेजर दिपेश वरालले जानकारी गराउँदै अस्पतालमा बेड अभाव भएका कारण सर्वसाधारणले कोरोना सङ्क्रमितका लागि घरमै अक्सिजन सिलिन्डर होल्ड गरेका कारण अक्सिजनको समस्या देखिएको हो । तर सर्वसाधारणले घरमै सिलिन्डर होल्ड गरेन भने अक्स्जिनको अभाव नहुने वहांका दावी छ ।

सर्वसाधारण जो कोहीलाई पनि डाक्टरले लेखेको पूर्जाको अधारमा २४ घटै सिलिन्डर उपल्ब्ध गराउँदै आएको भाजुरत्न इन्जिनीयरिंग एण्ड सेल्स लिमिटेडलका अक्सिजन ग्यास विक्रेता दिपनारायण मण्डले वताए । अक्सिजन ग्यास सिलीण्डर होल्डमा नराखोस भनेर धरौटी र जरीवना समेत तोकिएको छ । अक्सिजन ग्यास सानो र ठूलो गरी दुई किसिमको हुन्छ । सानोमा १.५ क्युविक मिटर र ठूलोमा ७ क्यूविक मिटर ग्यास हुन्छ ।

ग्यास उद्योगले दैनिक ५ सय सिलिन्डर भरिरहेको छ । विनायकको रिफिल गरिएका सिलिन्डर र भाजुरत्न इन्जिनीयरिंगको रिफिल गरिएका सिलिन्डर विराटनगरका अस्पताल हरुमा आपूर्ति हुने गरेको छ ।

## १६६ सुरक्षा कर्मी संक्रमित

विराटनगर । कोरोनाको दोस्रो लहरपछि प्रदेश १ मा १६६ जना सुरक्षाकर्मीमा संक्रमित भएका छन् । संक्रमित हुनेमा एक सय ३४ जना नेपाल प्रहरी र ३२ जना सशस्त्र प्रहरी छन् ।

नेपाल प्रहरीतर्फ प्रहरी नायव उपरीक्षक (डीएसपी) एक, प्रहरी निरीक्षक (इन्सपेक्टर) चार, नायव निरीक्षक (सइ) ११, सहायक निरीक्षक (असइ) १७, प्रहरी हवल्दार ३२ जना तथा ६ जना कार्यालय सहयोगीसहित अन्य प्रहरी जवानमा संक्रमण पुष्टी भएको छ ।

संक्रमितमध्ये ११ जना शनिबार दिउँसोसम्ममा निको भएर कोरोनामुक्त बनिसकेका छन् । सशस्त्र प्रहरीतर्फ सइ र असइ एक/एक, वरिष्ठ हवल्दार दुई, हवल्दार एक, सहायक हवल्दार छ र जवान १२ जनामा संक्रमण पुष्टि भइसकेको छ । चार जना सशस्त्र प्रहरी संक्रमणमुक्त भएका छन् ।

मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले कोरोना जोखिमको प्रवाह नगरिकन यतिबेला सर्वसाधारण जनतालाई संक्रमणबाट जोगाउने अभियानमा सुरक्षाकर्मी केन्द्रित रहेको जानकारी दिएको छ ।

वांकी अन्तिम पेजमा...

## एजेन्टसंघको अध्यक्षको मृत्यु

विराटनगर । कोरोना भाइरस सङ्क्रमणका कारण विराटनगर भन्सार एजेन्ट सङ्घका अध्यक्ष विजेन्द्र परासरको निधन भएको छ ।

मोरङको बूढीगङ्गा गाउँपालिका स्थित विराट शिक्षण अस्पतालमा उपचारका क्रममा विराटनगर महानगरपालिका वडा नं. १० घर भएका ५० वर्षीय परासरको निधन भएको थियो । उहाँलाई उच्च रक्तचाप र मधुमेहको पुरानै समस्याहरु रहेको थियो ।

परासरलाई परीक्षण गराउँदा दुई साताअघि कोरोना सङ्क्रमण पनि पुष्टि भएको विराटका कोभिड अस्पताल इन्चार्ज सुनील देवले बताएको थिए । कोरोना पुष्टि भएपछि होम आइसोलेसनमै रहेका बेला स्वास्थ्यमा थप समस्या भएपछि उहाँलाई वैशाख ३१ गते उपचारका लागि अस्पताल भर्ना गरिएको हो ।

निक्कै गम्भीर अवस्थामा अस्पताल ल्याइएका परासरलाई धेरै प्रयास गर्दा पनि बचाउन नसकिएको जानकारी देवले दिएको थियो । उहाँका अनुसार श्वासप्रश्वासमा एक्कासि समस्या भएर उपचारकै क्रममा भेन्टिलेटर

वांकी अन्तिम पेजमा...

## प्रदेश १ मा कोरोना संक्रमितको संख्या ५० हजार नाघियो

विराटनगर । प्रदेश १ मा कोरोना संक्रमितको संख्या शनिवार पचास हजार नाघेको छ । कोरोना संक्रमितिको कुल संख्या ५० हजार ४ सय ६८ पुगेको छ ।

शनिवार मात्रै प्रदेश १ मा ८ सय ८८ जना कोरोना संक्रमित थपिएका छन् । थपिएका मध्ये झापा जिल्लामा २७४, मोरङ जिल्लामा २४३, सुनसरी जिल्लामा १६१, संखुवासभा जिल्लामा ५६, खोटाङ जिल्लामा ४७, इलामजिल्लामा ३०, धनकुटाजिल्लामा १८, सोलुखुम्वु जिल्लामा १६, उदयपुरजिल्लामा ६, ओखलढुङ्गा र भोजपुरजिल्लामा २/२, पाँचथर र तेर्हथुम जिल्लामा १/१ र प्रदेश १ बाहिरका ३१ जनामा संक्रमण पुष्टी भएको छ ।

झापाको दमकमा ८५, विर्तामोडमा ३७, बुद्धशान्तिमा ३२, कनकाईमा २९, भद्रपुरमा २५, अर्जुनधारामा २३, मेचीनगरमा १२, कमल गाउँपालिकामा ९, गौरादहमा ६, शिवसताक्षीमा ५, गौरीगञ्जमा ४, बार्हदशीमा ३, हल्दिबारी र झापा गाउँपालिकामा १/१ र स्थानीय तह नखुलेका २, मोरङको विराटनगरमा १६४, बेलबारीमा २२, केराबारीमा १५, पथरीशनिश्चरेमा १२, बुढीगंगामा १०, उर्लाबारीमा ५, जहदामा ४, ग्रामथान, धनपालथान र सुन्दरहरैचामा २/२, रंगेली, सुनबर्षी, मिक्लाजुङ, कानेपोखरी, कटहरी र स्थानीय तह नखुलेका १/१, सुनसरीको धरानमा ८०, इटहरीमा ३५, इनरुवामा १०, दुहवीमा ६, देवानगञ्ज र बराहक्षेत्रमा ५/५, बर्जुमा ४, रामधुनी, हरिनगर, भोक्राहानरसिंह, गढी र स्थानीय तह नखुलेका ३/३ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जारी गरेको तथ्यांकमा उल्लेख गरेको छ ।

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## संसद...

विषयमा प्रधानन्यायाधीशको भूमिका, कार्यपालिका र न्यायपालिकावीचको बढ्दो हिमचिम अनि अहिले सर्वोच्च अदालतमा देखिएको न्यायायाधीहरुको विवादका कारण अब अदालतले प्रतिगमन भाग-२ लाई सच्याउने धेरै आशा गर्न सकिँदैन ।

५. पहिलो प्रतिगमनका बेला भारतले सकेसम्म आफूलाई न्युट्रल देखाउन खोजेको थियो । कसैले बोल्न नसकेर डराएका मात्रै हुन्, प्रतिगमन भाग-२ मा छिमेकी भारत आफैं खेलाडीका रुपमा मैदानमा प्रस्तुत भएको छ । भारतले नेपालमा अस्थिरता चाहन्छ भन्ने प्रष्टै देखिएको छ । केपी ओली र महन्थ ठाकुरको साँठगाँठ र अनौठो मिलन यसैको एउटा नतिजा हो । र, यो प्रतिगमन भाग-२ को नयाँ विशेषता हो । बिहीबार बालुवाटारमा सम्पादहरुसँग प्रधानमन्त्री ओलीले बडो गर्वका साथ भनेका थिए कि विपक्षी मित्रहरु तानजस्तो दक्षिण-उत्तर,.उत्तर-दक्षिण गरिरहेका छन्, क्रिकेट मैदानमा अर्कैले बल च्याप्प समातिसकेपछि दौडेर रन आउँदैन !६. र, प्रतिगमन भाग-२ को अर्को विशेषता के हो भने यसका मुख्य पात्र केपी शर्मा ओली यसपटक हास्यपात्रमा परिणत भएर मैदानमा आएका छन् । गत पुसमा उनी भीमकाय रुपमा प्रस्तुत भएका थिए । भयंकर त्रासदीका रुपमा आएको थियो पुस ५ । तर, अहिले केपी ओली थप 'एक्स्पोज' भएका छन् । नांगिएका छन् । नेकपा फुटेको छ र एमाले पनि क्षतविक्षत भएको छ ।

अहिले जनताले प्रष्टसित बुझेका छन् कि आखिर केपी ओली के चाहन्छन् । उनी देशलाई र आफ्नो पार्टीलाई कतातिर लैजान चाहन्छन् र नयाँ पुस्तालाई कस्तो व्यवस्था जिम्मा लगाउन चाहन्छन् भन्ने तथ्यको पर्दाफास भइसकेको छ । पुसमा यो तथ्यलाई बादलले ढाकेको थियो, अहिले बादल फाटेको छ ।

प्रतिगमनको पहिलो एपिसोडमा समृद्धि, विकास, लोकतन्त्र र राजनेताजस्ता शब्दहरु खुबै बिकेका थिए । दोस्रो. एपिसोडचाहिँ हारेको जुवाडेजस्तो पात्रलाई बोकेर मैदानमा खडा भएको छ ।

अब के होला ?

अब देशमा के होला त ? चिनियाँ नेता माओत्सेतुङले भनेका छन्- प्रतिगामीहरु षडयन्त्र गर्छन्, हार्छन् । फेरि षड्यन्त्र गर्छन्, फेरि हार्छन् । उनीहरु त्यसबेलासम्म षड्यन्त्र गरिरहन्छन्, जतिबेलासम्म पूर्णरुपमा हारिसक्दैनन् ।

संसद विघटन भइसकेको छ । वर्षायाम र महामारी दुबै कारणले गर्दा सडक आन्दोलनको मौसम राम्रो छैन । अदालतको पनि भर छैन । अन्तरराष्ट्रिय शक्तिले आफ्नो पक्षधरता देखाइसकेकै छ । कोरोना लगायतका कारणले कात्तिकमा चुनाव हुन गाह्रो छ । चुनाव भएन भने ओलीको सत्ता अझ लम्बिन सक्छ । ओलीको नेतृत्वमा चुनावै भइहाले पनि निर्वाचन आयोगको भूमिका र ओली सरकारको तौरतरिका हेर्दा त्यो चुनाव बंगलादेशको 'हसिना मोडल' मा हुने देखिन्छ ।

यी सबै परिघटनाले गर्दा प्रतिगमन भाग- २ को एपिसोड गत पुस-फागुनको भन्दा केही लामो हुने देखिन्छ । यसलाई छोट्याउने निकाय भनेको सर्वोच्च अदालत नै हो । या त प्रतिनिधिसभा आफैं जाग्नुपर्यो, जसको सम्भावना फितलो छ । रातोपाटी

## प्रदेश १ मा...

त्यसैगरी संखुवासभाको खाँदबारीमा ३१, चैनपुरमा १९, सभापोखरीमा ३, सिलिचोङमा २ र धर्मदेवीमा १, खोटाङको दिक्तेल रुपाकोट मझुवागढीमा ४६ र स्थानीय तह नखुलेका १, इलामको फाकफोकथुममा १५, इलाम नगरपालिकामा १३, रोङ र चुलाचुलीमा १/१, धनकुटाको धनकुटा नगरपालिकामा १३, पाखिवासमा ३, छथर र महालक्ष्मीमा १/१, सोलुखुम्वुको सोलुदुधकुण्डमा १०, महाकुलुङ र थुलुङ दुधकोशीमा २-२, माप्य दुधकोशी र खम्वु पासाङल्हामुमा १/१, उदयपुरको त्रियुगामा ४, बेलका र स्थानीय तह नखुलेका १/१, ओखलढुङ्गाको चिशंखुगढी र भोजपुरको षडानन्दमा २/२, पाँचथरको फिदिम र तेर्हथुमको आठराईमा १/१ र प्रदेश १ बाहिरका ३१ ज्नामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

संक्रमित भएका मध्ये ३२ हजार २६६ जना संक्रमणमुक्त भएका छन् शनिवार २५७ जना संक्रमणमुक्त भएका छन् । सक्रिय संक्रमितको संख्या १७ हजार ४५६ पुगेको छ । प्रदेश १ मा २ हजार ४३५ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये ३५३ महिला र ५३५ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ ।

## १६६ संक्रमित...

कोरोना नियन्त्रणमा अहोरात्र खटिँदा संक्रमित भए पनि जोखिमका बीचबाट आफू सुरक्षित हुँदै सुरक्षाकर्मी जिम्मेवारी पूरा गर्न लागिरहेको उहाँको भनाइ छ । अक्सिजनको सम्भावित अभावलाई मध्यनजर गर्दै सुनसरी प्रहरी प्रमुख एसपी कमल थापाको नेतृत्वमा प्रदेश १ प्रहरी कार्यालयले कार्यदल नै बनाएको छ ।

प्रदेश १ का सशस्त्र प्रहरी प्रमुख डीआईजी वंशीराज दाहाल र नेपाल प्रहरी प्रमुख डीआईजी ईश्वरबाबु कार्कीले ड्युटीमा खटिने सुरक्षाकर्मीलाई साबुनपानीले नियमित हात धुन, मास्क र सेनिटाइजर प्रयोग गर्न र सामाजिक दूरी पालन गरेर आफ्नो जिम्मेवारी पूरा गर्न निर्देशन दिएको छ ।

डीआईजी कार्कीले कोरोना संक्रमण देखिन थाले पनि कार्यक्षेत्रबाट नेपाल प्रहरी पछि नहट्ने वहांको भनाईछ ।

सशस्त्रका डीआईजी दाहालले सर्वसाधारण जनता बच्दा सबै बच्छौं भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै आफू जोखिममा परे पनि सुरक्षाकर्मी जनसेवामा दत्तचित्त भएर लागेको उल्लेख गरेको छ ।

## ऐजेन्टसंघको...

मा निधन भएको थियो । परिवारका सदस्यले स्वास्थ्यमा क्रमिक सुधार हुँदै गएको बताइरहेका बेला एक्कासि परासरको निधनको खबर आएको विराटनगर भन्सार एजेन्ट प्रतिनिधि सञ्जय दुगडले जानकारी गराएको थिए ।

तीन महिनाअघि भएको निर्वाचनमा सङ्घ पूर्वअध्यक्ष प्रवीण जोशीलाई हराउँदै परासर तेस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएको थियो । दुगडका अनुसार २०६२ देखि २०६९ सालसम्म जोशी अध्यक्ष हुँदा परासर सङ्घमा उपाध्यक्षको भूमिकामा रहेको थियो ।

# सिमावर्ती क्षेत्रमा मौलायो तस्कारी

विराटनगर । सुरक्षाकर्मी कोरोना भाइरसको महामारी नियन्त्रणमा सक्रिय हुनपर्ने अवस्था आएपछि मोरङको सिमावर्ती नाकाबाट तस्करी मौलाइएको छ ।

कोरोना महामारीले मुलुकको अवस्था जर्जर बनाउँदै लगेका बेला भन्सार छली गरेर सामानको अवैध तस्करी गर्ने समूह सक्रिय भएको छ । सुरक्षाकर्मी कोरोना नियन्त्रणमा सक्रिय हुँदा त्यसको फाइदा नेपालबाट भारत र भारतबाट नेपालतिर सामानको तस्करी गर्ने गिरोहले लिइरहेको छ ।

भारतको जोगवनीदेखि ल्याएको एक लाख ५६ हजार रुपैयाँ बराबरको तस्करीको कपडासहित विराटनगर महानगरपालिका वडा नं. १६ दरैयाबाट प्रहरीलेसुधीरकुमार महतोलाई पक्राउ गरेको छ ।

कपडा लोड गरिएको को २ ह ७८७ र को २ ह ४९२४ नम्बरको अटो टेम्पोसहित पक्राउ गरेर प्रहरीले कारबाहीका लागि विराटनगर भन्सार कार्यालय बुझाएको थियो । जोगवनीदेखि भन्सार छली गरेर अवैध रुपमा नेपालतिर ल्याइएको एक सय ६० किलो चिनी प्रहरीले विराटनगर महानगर पालिका वडा नं. १७ मटेरुवाबाट बरामद गरेको थियो । मटेरुवाबाटै जेठ १ गते भारतबाट ल्याइएको चिनी, काजु र जिरा गरेर दुई लाख २७ हजार रुपैयाँ बराबरको तस्करीको सामान बरामद गरेको थियो । सोही दिन विराटनगरको दरैयाबाटै प्रहरीले नेपालदेखि भारततिर लैजान ठिक्क पारिएको चना, मटर र मरिच गरेर बरामद गरेको थियो ।

सामान बरामद भएका र तस्करीमा संलग्न पक्राउ परेका घटनाले पनि अवैध धन्दा सीमा क्षेत्रमा मौलाएर गएको पुष्टि भएको छ । मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले सुरक्षाकर्मीको उपस्थिति बढाएर दुई देशीबीचको आवतजावत शून्यमा झार्न सीमा क्षेत्रलाई उच्च सुरक्षा निगरानीमा राखिएको दावी गरेको छ ।


उत्पादकमा अनुरोध :

१. आफुले उत्पादन गर्ने बस्तुको उपर्युक्त प्याकिङ गरौं ।
२. उत्पादनको प्याकिङमा बस्तुको उत्पादनको नाम, उत्पादन मिति, प्रयोग गर्न सक्ने मिति, प्रयोग भएका प्लनचभमष्भलतक, तौल, अधिकतम खुद्रा मुल्य प्रष्ट देखिने गरी लेवलिङ गरौं ।
३. कुनै बिक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र बिक्री गर्न नसकेका उत्पादनहरु फिर्ता लिई नयाँ उत्पादनले प्रति स्थापन गर्ने पद्धति बसालौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलि...
★ **X–Ray, E...**

सु...
वि...
सम्प...

अन्त्य गरौं लैंगिक हिन्सा र दुर्व्यवहार :
व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग








परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०...
९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### कोरोना महामारीमा लुटतन्त्र नगरौं

एक वर्ष पहिले देखिए शुरु भएको कोरोना संक्रमण यसपालि महामारीको रुप लिएको लिसकेको छ। कोरोना संक्रमणको वेला स्वास्थ्य सोको विकास र विस्तारमा ध्यान नदिएका धेरै देशहरु महामारीले अतुलनीय क्षति बेहोरिसको छ। यही वेला सरकारले लगाएको लकडाउनले बजारमा पाउने खाद्य्य बस्तु लगायतका सामग्रीमा लुटतन्त्र समेत शुरु भई सकेको छ। बजार लकडाउन भएको वेला उपभोक्तालाई खाद्य्य सामग्री लगायत बस्तुहरु लिनको लागि अत्यधिक मुल्य तिर्न वाध्य भएको छ। खाद्य्यमा मात्रै नभएर स्वास्थ्य सेवामा समेत अहिले लुटतन्त्र हावी भएको छ। त्यसलाई सरकारले अझ प्रसय दिइ रहेको अवस्था बजार नखेलेपनि व्यपारीहरुले आफ्नो पसल अगाडी मान्छे राखेर आउने उपभोक्तालाई सटर उठाएर मनपरी मूल्य तिराएर समान वेच्ने गरेको छन्। उपभोक्तालाई आवश्यकता भएकोले वढी मुल्य तिर्न वाध्य भई रहेको छ। बजारमा देखिएको उपभोग सामग्री लगायत  स्वास्थ्यमा देखिएको लुटतन्त्रलाई बन्द गर्न सरकारी निकायवाट अनुगमनको जरुरी छ।

कोरोना महामारीको वेला स्वास्थ्यकर्मी, उपकरण र औषधि नहुँदा जीवनजल र सिटामोलसमेत नपाएर नागरिकले निजी अस्पताल र क्लिनिकको भर पर्न बाध्य भएका छन्। कोरोना महामारीको पहिलो लहरले यो समस्या प्रष्ट देखायो। अनि मात्रै सरकारी अस्पताल र स्वास्थ्यचौकीलाई पनि सुधार गर्नुपर्छ भन्ने चेत सरकारको खुल्यो। तर कुबेलाको राजनीतिक प्रदूषणले काम कछुवा गतिमा अघि सरि सरहेको छ। प्रत्येक प्रदेशमा निजी अस्पतालसँग सरकारले सहमति र सम्झौता गरेर निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउनु पर्नेमा सरकारी लगायतको अस्पतालहरुमा विना भनसुनको भर्ना हुदैन भर्ना भएपनि अनावश्य खर्चको विल थमाने गरेका छन्। त्यो ढाड सेक्ने विल नतिरे सम्म शव समेत पाउँदैन।  महामारीलाई कमाउने मात्रै होइन 'लुट्ने' समय आयो भन्ने ठानेका निजी अस्पतालको सूची पनि धेरै छ। अक्सिजन, भेन्टिलेटरको अभाव देखाउँदै चर्को मुल्य असुलि रहेको छ।

कोरोनामहामारीका यस घडीमा सेवा भावले सव अस्पताल, व्यापारी, राजनीतिक दलहरुले खट्नुपर्छ। समयमा सही उपचार पाउने आशा बोकेर अस्पताल खोज्ने र पुग्नेको संख्या कोभिडले दैनिक बढाएको छ। लापरबाही र महामारीमा रोगीको मन्दिर मानिने अस्पतालका ठगी र जिउँदा भगवान् स्वरूप उभिने चिकित्सकको लापरबाहीका घटनामा वृद्धि भएको तथ्यांकले देखाउँछ। नियामक निकाय मौन बस्दा घटना बढ्दैछन्, बिरामी र उनका आफन्त ठगिँदैछन्। त्यतीमात्र नभएर खाद्य्य बस्तुमा समेत मूल्यमा चारगुणा वृद्धि गरी विक्री वितरण गरी रहेको छ। प्रत्येक स्थानमा हुने ठगी र कालोबजारीलाई नियन्त्रण गर्ने संयन्त्र बनाउन जरुरी छ।  महामारी नियन्त्रण गर्न उपचार र बिरामीको व्यवस्थापनमा  सघ, प्रदेश र स्थानीयतह मै छुट्टै समिति बनाएर  अस्पताल र बजारमा भईर हेको ठगी नियन्त्रण गर्ने साहस देखाउन अहिलेको आवश्यकता छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को,** ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि,हु,हे,हो, डा, डि, डु, डे, डो**):मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# संसद विघटनको मजाक : प्रतिगमन भाग-२

## *यी हुन् प्रतिगमनको दोस्रो एपिसोडका ६ वटा विशेषता*

**अरुण बराल**

'नेपोलियन बोनापार्टको अठारौं ब्रुमेअर' मा कम्युनिस्टका गुरु कार्ल मार्क्सले लेखेका छन्, 'कहिलेकाहिँ इतिहास दोहोरिन्छ : पहिले त्रासदीका रुपमा, पछि मजाकका रुपमा।'

कार्ल मार्क्सका नेपाली चेलाद्वय केपी शर्मा ओली र विद्यादेवी भण्डारीले मध्यरातमा प्रतिनिधिसभा भंग गरेर इतिहास दोहोर्याएका छन्। पुस ५ को पहिलो विघटन त्रासदीका रुपमा आएको थियो, आज मध्यरातको दोस्रो विघटनचाहिँ मजाक बनेर आएको छ। इतिहासले पनि कहिलेकाहिँ मजाक गर्दोरहेछ !

गत पुस ५ मा केपी शर्मा ओली र विद्यादेवी भण्डारीले आपसमा मिलेर गरेको संसद विघटन पहिलो प्रतिगमन थियो। आज राति (१ बजे) भएको संसद विघटनचाहिँ प्रतिगमन भाग-२ हो। पुनर्स्थापित जनप्रतिनिधिमूलक संस्थाको बलात्कारपछि गरिएको हत्या हो। पहिले संसदको बलात्कार गरियो, पछि हत्या भयो।

अहिले देशमा कोरोनाको महामारी छ। जनता दिनहुँ अक्सिजन र बेड नपाएर मरिरहेका छन्। सरकारले खोप किनेर ल्याउन सकिरहेको छैन। तर, राष्ट्रिय एकताका साथ जनताको उपचारमा ध्यान दिनुपर्ने बेलामा सरकारले देशलाई जबरजस्त मध्यावधि चुनावतिर धकेलेको छ।

अर्बौं रुपैयाँ खर्च हुने मध्यावधि चुनाव जनस्वास्थ्यका दृष्टिले पनि र आर्थिक व्ययभारका दृष्टिले पनि अहिले उपयुक्त देखिँदैन। देशको अहिलेको प्राथमिकता भनेको कोरोना महामारीविरुद्ध लड्नु हो। कोरोनाले थलिएका जनतालाई आर्थिक राहतका कार्यक्रममा ध्यान दिनु हो। जनतासँग भोट माग्नुपूर्व उनीहरुलाई बचाउनु अहिलेको प्राथमिकता हुनुपर्ने हो।

मजाकको पनि हद हुन्छ

प्रधानमन्त्रीले प्रतिनिधि सभा कस्तो अवस्थामा विघटन गर्न पाउँछन् भन्ने तथ्य पुस ५ देखि फागुन ११ सम्म आइपुग्दा छर्लङ्ग भइसकेको छ। यसबारे राष्ट्रिय बहस भइसकेको छ। सरकार निर्माण र संसद विघटनसम्बन्धी संविधानका धारा र उपधाराहरु नेता र वकिलहरुलाई मात्र हैन, आम जनमानसलाई समेत कण्ठस्थ भइसकेको छ। यसबारेमा सर्वोच्च अदालतले समेत दुई महिनाको लामो बहसपछि व्याख्यासमेत गरिसकेको छ। प्रतिगमनको पहिलो एपिसोडको शर्मनाक पराजयसँगै संसद विघटनको बहस सकिएको हो। तर, इतिहास दोहोरियो। मजाकका रुपमा दोहोरियो।

फागुन ११ गते संसद पुनर्स्थापना भइसकेपछि प्रधानमन्त्री ओलीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने थियो। दिएनन्, ठिकै छ। फागुन २३ गते सर्वोच्च अदालतले अनौठो ढंगबाट एमाले र माओवादीलाई फुटाएपछि प्रधानमन्त्री ओलीले त्यसको एक महिनाभित्रै संसदबाट विश्वासको मत लिनुपर्थ्यो। लिएनन्, त्यो पनि ठीकै छ। विपक्षीहरुले ओलीको राजीनामामा अड्डी लिएका थिएनन्। अढाइ महिनासम्म सरकार चलेकै थियो। यतिसम्म कि नेकपाको एकता भंग भइसक्दा पनि माओवादीले सरकारलाई दिएको समर्थन अढाइ महिनासम्म फिर्ता लिएको थिएन। ठीक यहीबेला कोरोनाको दोस्रो लहर सुरु भयो।

प्रधानमन्त्री ओलीले महामारी नियन्त्रणमा सरकारबाट भइरहेको कमजोरीमाथि पर्दा हालेर बैशाख २७ गते संसदमा विश्वासको मत लिने घोषणा गरे। संविधानतः उनले विश्वासको मत फागुन २३ को एक महिना (चैत २३) भित्रै लिनुपर्ने थियो। या त माओवादीले समर्थन फिर्ता लिएको एक महिनाभित्र लिनुपर्ने थियो। उनले बेमौसममा आफैं विशेष अधिवेशन डाके र विश्वासको मत मागे।

संसदमा ओलीले विश्वासको मत पाएनन् र स्वतः पदमुक्त भए। विश्वासको मत नपाएका उनै ओलीलाई राष्ट्रपतिले ठूलो दलको हिसाबले धारा ७६(३) अनुसार पुनः प्रधानमन्त्री बनाइन्। संविधानतः त्यो ठीकै थियो, विपक्षीले पनि मानेकै थिए। देशमा कोरोनाको जोखिम बढिरहेको थियो, यस्तोबेलामा महामारीविरुद्ध लागौं भनेर काँग्रेसले पनि ध्यानाकर्षण गराएको थियो। अबको एकमहिना महामारीविरुद्ध जुट्न सरकारलाई कसैको 'डिस्टर्ब' थिएन।

तर, ओलीले विहीबार एकाएक नयाँ सरकार बनाउने निर्णय क्याबिनेटबाटै गरे र राष्ट्रपतिलाई सिफारिस गरे। राष्ट्रपतिले विहीबार राति एकदिनको छोटो समय दिएर नयाँ सरकारका लागि दाबी पेश गर्न आग्रह गरिन्। जेठ ३० सम्म सरकारको नेतृत्व गर्न र महामारीविरुद्ध जनताको सेवा गर्ने मौका पाएका प्रधानमन्त्री ओलीले यहीँनेरबाट षडयन्त्र र नाटक सुरु गरेको देखिन्छ।

प्रधानमन्त्रीले राजीनामा नदिई नयाँ सरकारको गठन गर्ने मन्त्रिपरिषदबाट हास्यास्पद सिफारिस हुनु, त्यसैमा टेकेर राष्ट्रपतिले धारा ७६(५) को सरकार गठनका लागि आह्वान गर्नु त्यो दाबीलाई संविधानमै नभएको अधिकार प्रयोग गरेर रातारात खारेज गर्नु अनि धारा ७६(३) मै फर्केर ओलीको पद कायमै रहेको मानिनु र धारा ७६(३) कै प्रधानमन्त्रीले संसद विघटन गरेर मध्यावधि चुनावको घोषणा गर्नु भद्दा राजनीतिक प्रहसन हो।

संविधानको लेखोट, सर्वोच्चको नजिर अनि संविधानविदहरुको विश्लेषणलाई आधार मान्दा धारा ७६(५) अन्तरगत बनेको प्रधानमन्त्रीले मात्रै संसद विघटन पर्न पाउँछ। ७६(५) सरकार गठनमा राष्ट्रपतिले सांसदहरुको व्यक्तिगत संख्या हेरेर निर्णय दिनुपर्छ, दलको ह्विप होइन। यो आधारमा हेर्दा शेरबहादुर देउवाले गरेको दाबी जायज देखिन्थ्यो, जसलाई राष्ट्रपतिले खारेज गर्नु संविधानको बर्खिलाप हो भन्ने प्रष्टै छ। तर, संविधानविद् भीमार्जुन आचार्यले भनेजस्तै राष्ट्रपति र प्रधानमन्त्रीले संविधानलाई आफ्नो पकेटको डायरीजस्तै बनाए। संविधानमाथि गरिएको यो मजाक कुनै पनि तर्कद्वारा ढाकछोप हुन सक्दैन।

लहठ र मजाकको पनि एउटा हद हुन्छ। संसदमा विश्वासको मत लिँदा प्रधानमन्त्रीसँग ९३ मत मात्रै थियो। शुक्रबार दिउँसो बालुवाटारमा सम्पादकहरुसँग पनि प्रधानमन्त्री ओलीले दोहोऱ्याई-तेहऱ्याई भन्दैथिए- मसित ९३ मत मात्रै भो, बहुमत जुटाउन सकिनँ, ह्याण्डस अप गरें। उता राष्ट्रपतिले विहीबार राति गरेको सरकार गठनको आह्वानमा प्रधानमन्त्री ओलीले बहुमत जुटाउन नसकेकाले नयाँ सरकारको आह्वान गरिएको लेखिएको थियो। तर, मध्यरातमा ओलीसँग १५३ मत रहेको देखाइयो। १५३ मत आफूसितै थियो भने धारा ७६(५) को सरकारको आह्वान किन ? प्रश्न अनुत्तरित छ।

राष्ट्रपतिले धारा ७६(५) को गैरदलीय सरकार गठनको आह्वान गरिसकेपछि फेरि धारा ७६(३) मै फर्कन मिल्छ ? यो प्रश्नको उत्तर संविधानले दिएकै छ। र, सर्वोच्च अदालतले पनि संसदले सरकार दिने अवस्था रहँदासम्म संसद विघटन गर्न नपाइने भनिसकेको छ।

प्रतिगमन भाग-२ का विशेषताहरु

पुस ५ को पहिलो प्रतिगमन र जेठ ८ को दोस्रो प्रतिगमनवीच धेरै समानता देखिए पनि केही विशेषताहरु फरक छन्।

प्रतिगमन भाग-२ का ती विशेताहरु यस्ता छन्-

१. पहिलो प्रतिगमनमा जनताले प्रधानमन्त्री केपी ओलीलाई मात्रै दोष दिएका थिए। दोस्रो प्रतिगमनमा राष्ट्रपतिको पनि संलग्नता प्रष्टिएको छ। राष्ट्रपति पनि प्रतिगमनको मतियार बनेको प्रष्ट भएको छ।

२. पहिलो प्रतिगमनमा जसपाका महन्थ ठाकुर र राजेन्द्र महतोहरु यसरी खुलेर नांगिएका थिएनन्, दोस्रो प्रतिगमनका उनीहरु केपी ओलीमा मतियार सावित भएका छन्। संसद विघटन हुनु र देश मध्यावधि चुनावतिर धकेलिनुमा जसपाको महन्थ ठाकुर पक्ष पनि दोषी देखिएको छ। को प्रतिगमनका पक्षधर हुन् र को संसदलाई बचाउने पक्षका हुन् भन्ने प्रष्ट ध्रुवीकरण भएको छ।

३. पहिलो प्रतिगमनका बेला कोरोनाको जोखिम केही घटेको थियो र हिउँदयाम भएकाले आन्दोलनको मौसम थियो। अहिले कोरोनाको दोस्रो लहर फैलिएको छ। र, वर्षायाम भएकाले जनआन्दोलनको मौसम छैन। देशैभरि निशेधाज्ञा छ, जनता घरभित्रै कैद भएको अवस्था छ।

४. पहिलो प्रतिगमन सच्याउने एउटा आशाको पुञ्ज सर्वोच्च अदालत थियो। जनदबावका कारण अदालतले त्यो सच्यायो पनि। तर, प्रतिगमनको दोस्रो एपिसोड सुरु हुँदा प्रधानन्यायाधीशको भुमिका माथिको विश्वास पनि धर्मराएको छ। नेकपाको विभाजनमा अदालतको भूमिका, लुम्बिनी प्रदेशका जसपा सांसदको मुद्दा, संवैधानिक परिषदको

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# विश्वकर्मा बैशाख महिलाको सर्वौत्कृत प्रहरी

विराटनगर। जिल्ला प्रहरी कार्यालय पाँचथर दरवन्दीका प्रहरी निरीक्षक डम्वर विश्वकर्मा बैशाख महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएको छ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पु-याउनुको साथै विभिन्न हातहतियार सहित विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्तिहरुलाई पक्राउ गरिएको थियो।

त्यसैगरी कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकमा सुरक्षाको अनुभूति हुने गरी प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले जिल्ला प्रहरी कार्यालय पाँचथर दरवन्दीका प्रहरी निरीक्षक डम्वर विश्वकर्मालाई निजले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०७८ साल बैशाख 'महिनाको सर्वोत्कृष्ट प्रहरी' घोषणा गरिएको छ।



प्रहरी निरीक्षक:- डम्वर विश्वकर्मा
कार्यरत स्थान:- जिल्ला प्रहरी कार्यालय पाँचथर

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ।

# खैरोहिरोईन सहित तीन पक्राउ

झापा। झापाको झापा गाँउपालिका वडा नं. २ स्थितबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित तिन जना पक्राउ परेका छन।

पक्राउ पर्नेमा झापा गाँउपालिका वडा नं. २ का २२ बर्षीय रोशन भुजेल, २१ बर्षीय साजन लिम्बु र ताप्लेजुङ सिरिजंङ्गा-१ का १९ बर्षीय प्रताप लिम्बु रहेका छन।

पैदल हिडिरहेका तिनै जनालाई ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई चेकजाँच गर्दा उनिहरुको साथबाट ५३० मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर, ब्राउनसुगर नाप्ने डिजिटल तराजु २ थान र नगद ५९ हजार समेत फेला पारी बरामद गरेको हो।

यसरी ब्राउनसुगर सहित पक्राउ परेका तिनै जना उपर जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ।

# मोटरसाईकलको ठक्करबाट मृत्य

बिराटनगर। मोरङको बुढीगंगा गाऊपालिका वडा नं. ३ गोकुवा चोक स्थित कोशी लोकमार्गमा मोटरसाईकलको ठक्करबाट १ जना पैदल यात्रीको मृत्यु भएको थियो। मृत्यु हुनेमा सोही स्थान का ५० बर्षीय बाल कुमार बस्नेत रहेको थियो।

सोमबार उत्तरबाट दक्षीण तर्फ जादै गरेको प्र १-०२-०४५ प ६०८७ नम्बरको मोटरसाईकलले ठक्कर दिई घाईते भएका बस्नेतको बिराट मेडिकल कलेज गंगा चौकमा उपचारको क्रममा सोही दिन राती ९ बजे मृत्यु भएको थियो।

सो दुर्घटनामा मोटरसाईकल चालक सुनसरी ईटहरी ७ का २५ बर्षीय समराज्य चौधरी समेत घाईते भई सोही अस्पतालमा उपचार भईरहेको छ भने मोटरसाईकल ईलाका प्रहरी कार्यालय नेमुवाको नियन्त्रणमा रहेको छ।

# होम आसोलेसन बसेकाले ध्यान दिनुपर्ने २० करा

लक्षण भएका वा नभएका तथा कोरोना परीक्षणको नतिजा पोजिटिभ भएका व्यक्तिले ध्यान दिनुपर्ने कुराहरु।

१.धेरै व्यक्तिहरुमा कोरोनाको संक्रमण भएको हुन्छ तर लक्षणहरु धेरैमा नदेखिने संभावना पनि रहेको हुन्छ। त्यस्ता व्यक्तिहरु हाम्रो समुदायमा धेरै छन्। 'मलाई लक्षण छैन, मैले अरुलाई सारेको छैन, म बाहिर किन ननिस्कने' जस्ता धारणाहरु उहाँहरुमा हुनु स्वभाविक हो। तर त्यस्ता व्यक्तिहरुलाई मेडिकल भाषामा क्यारियर भनेर भनिन्छ। आफूमा लक्षण नहुने तर अरुलाई त्यस्ता व्यक्तिहरुले सारिरहेका हुन्छन्। सामान्य खोक्दा, हाच्छ्यूँ गर्दा हावा बाट सर्ने अथवा अन्जानमा पटक पटक नाक, मुखमा आफ्नो हात लगी रहँदा र त्यही हातले अन्य सामानहरू छुँदा अप्रत्यक्ष रुपमा भाइरसलाई अन्य व्यक्तिमा सार्ने गर्दछ। त्यसकारण अत्यावश्यक नभई घरबाट बाहिर निस्कन हुँदैन। निस्कनै पर्ने अवस्थमा मास्क लगाउने, दूरी कायम राख्ने र हात सफा गर्न जरुरी हुन्छ।

२. होम आइसोलेसनमा अनुशासित भएर स्वास्थ्यका मापदण्डहरु कडाईका साथ पालना गरेर घरमा छुट्टै हावा खेल्ने कोठामा बस्नुपर्ने हुन्छ। यो किन भनिएको हो भने एक त छुट्टै बस्दा अन्य व्यक्तिलाई सर्ने सम्भावना कम हुन्छ, सामाजिक दुरी कायम हुन्छ, भाइरसहरू घरको वरिपरीको वातावरणमा सम्भावना कम हुन्छ। घरका सरसामानहरु, कपडाहरु, भाँडामा सर्न पाउँदैन।

३. होम आइसोलेसनमा बसेका कोरोना संक्रमितले र घरपरिवारले कुराकानी गर्नु परेमा २/३ मिटरको दूरी कायम गरी माक्सलाई सहि तरिकाले अनिवार्य प्रयोग गर्नु पर्दछ।

४. होम आइसोलेसनमा बसेका व्यक्तिहरुले चर्पी, बाथरुमको साझा प्रयोग गर्नु परेमा चर्पी/बाथरुमा जानु अघि साबुनपानीले हात धोएर वा सेनिटाइजरले हात राम्रोसँग रब गरेर मात्र जानुपर्दछ। सकेसम्म सम्भव भए छुट्टै चर्पी र बाथरुमको प्रयोग गर्नुपर्दछ।

५. चर्पी वा बाथरुमको प्रयोग गरिसकेपछि साबुनपानीले राम्रोसँग हात धोएर मात्र बाहिर निस्कनुपर्दछ।

६. खोक्दा वा हाच्छिउँ गर्दा माक्सको प्रयोग गर्नुपर्दछ मास्कको प्रयोग सम्भव नभएको अवस्थामा आफ्नो कुमले नाकमुखलाई छेकेर खोक्ने वा हाच्छिउँ गर्ने गर्नुपर्दछ। खोक्दा हाच्छिउँ गर्दा भाइरसहरू आफूले प्रयोग गरेका कपडा तन्ना, शिरकको खोल वा अन्य कपडाहरुमा सर्ने भएकाले त्यस्ता कपडाहरू लाई आफैं डिटरजेन्टको प्रयोगगरी सफा गर्नुपर्दछ।

७.एउटा सर्जिकल मास्क एक दिनको लागि मात्रै प्रयोग गर्नुपर्दछ। यो किन भनिएको हो भने मास्कको भित्री र बाहिरी भागमा भाएरसको संख्याहरु अत्याधिक बढी मात्रामा रहन सक्ने सम्भावना हुन्छ। निको हुँदै जाने क्रममा आफ्नो शरीरमा भएको भाइरसहरू क्रमिकरुपमा घट्दै जाने गर्दछन् तर पुरानै मास्क प्रयोग गर्दा मास्कमा भएका भाइरस फेरि सर्ने सम्भावना बढी रहने भएकाले र फेरी भाइरललोड शरीरमा बढी हुने संभावनालाई रोक्न एउटा मास्क एकदिन मात्र प्रयोग गर्नु पर्दछ।

८. होम आइसोलेसनमा बसेका व्यक्तिहरुले उमालेको तातोपानी दुई तीन घन्टाको फरकमा १ गिलासका दरले पिउने गर्नुपर्दछ।

९. होम आईसोलेसनमा बसेका व्यक्तिहरुले तातो पानीको बाफ दिनमा ३/४ पटक लिई राख्नु पर्दछ। यसले नाकको पछाडिको भागमा भएका भाइरसहरुलाई निष्क्रिय बनाउनुका साथै टालिएको नाक खुलाउने र स्वासप्रस्वासका नलीहरुलाई सफा गर्ने काम गर्दछ। साथै स्वासप्रस्वासलाई सहज बनाउँदछ र फोक्सोमा अक्सिजनको मात्रा बढाउँदछ।

१०. कोरोना संक्रमित भएर होम आइसोलेसनमा बसेका व्यक्तिहरुलाई खान मन नलाग्ने, गन्ध थाहा नपाउने, स्वाद थाहा नपाउने भएकाले थोरै थोरै मात्रामा धेरैपटक झोलिलो खानेकुराहरु खाई राख्नुपर्दछ। यो किन भनिएको हो भने कोरोना भाइरसले फोक्सोमा मात्रै समस्या नदिएर पेटमा र आन्द्राहरुमा पनि संक्रमण गराई पखाला लाग्ने सम्भावना भएकाले शरीरमा जलवियोजनको समस्या भई चक्कर लाग्ने, मुर्छा पर्ने जस्ता समस्या हुनसक्दछ। त्यसकारण झोलिलो खानेकुराहरुको अत्याधिक प्रयोग गर्नुपर्दछ। साथै हरियो सागसब्जी, अन्डा गेडागुडीको रस, नरम खानेकुराहरु दिनमा तीनचार पटक खाई राख्नु पर्छ।

११. होम आइसोलेसनमा बसेका कोरोना संक्रमित व्यक्तिहरुले सकेसम्म कागती पानी, अमलाको रस, गाँजर मुलाको सलाद अदुवा, लसुन, टिमुर, पतिना र वेसारको सुप लिई राख्नुपर्दछ। यो किन भनिएको हो भने कागती र अमलाको रसमा भिटामिन सी र गाँजरमा भिटामीन ए साथै मूलामा धेरै खनिज पदार्थ हुन्छ। भिटामिन सी र ए ले एन्टिअक्सिडेन्टको काम गर्दछ। साथै लसुन, बेसार टिमुर, पतिना र अदुवामा भाइरस मार्ने तत्व हुनुका साथै शरीरको प्रतिरोधात्मक क्षमतालाई बढाउने काम गर्दछ।

१२. होम आइसोलेसनमा बसेका कोरोना संक्रमित व्यक्तिहरुले जिंक चक्की ४० एमजी र भिटामीन - डी स्वास्थ्यकर्मीको सल्लाहमा दिनको एकपटकका दरले १० दिन र भिटामीन डी स्वास्थ्यकर्मी वा चिकित्सकको सल्लाहमा लिन सक्नुहुन्छ। तर आफूखुशी भने खानु हुँदैन।

१३.होम आइसोलसनमा बसेका व्यक्तिहरुले शारीरिक व्यायाममा स्किपीङ, जम्पीङ अथवा गित लगाई नाँच्ने काम गर्नुपर्दछ। यसले गर्दा शरीरका मांसपेशीहरु खुल्ने, हड्डीहरु मजबुत हुने र शरीरमा अक्सिजनका साथै रगतको प्रवाह राम्रो हुने गर्दछ।

१४. होम आइसोलेसनमा बसेका व्यक्तिहरूलाई मानसिक तनाव बढी हुने हुँदा ४५ मिनेटसम्म योग (ध्यान) गर्ने, सामाजिक संजालहरुको प्रयोग कम गर्ने, संगित सुन्ने, साथीभाई संग रमाइला कुराकानी गर्ने काम गर्नु पर्दछ।

१५. होम आइसोलेसनमा बसेका व्यक्तिहरुलाई तनाव भएको खण्डमा, घाँटीमा केही अड्केको जस्तो हुनु, छाती भारी हुनु, पिँडुला दुख्नु, काँधका मांसपेशीहरु दुख्नु, मुटु ढुकढुक गर्नु, शरीर कमजोर भएको महसुस हुनु जस्ता लक्षणहरु देखिने भएकाले ती लक्षणहरूलाई कोरोनाको लक्षणहरु हुनकी भनेर डराउनु हुँदैन।

१६. होम आइसोलेसनमा बसेका व्यक्तिहरुले शरीरको तापक्रमलाई डिजिटल थर्ममिटरले बिहान, दिउँसो र बेलुका तीनपटक नाप्ने र आफ्नो अक्सिजनको मात्रा कति छ भनेर जाँच्नका लागि सकेसम्म पल्स अक्सिमिटर पनि साथमा राख्ने गर्नुपर्दछ। अक्सिजनको मात्रा दिनानुदिन ९८/९७/९६ भन्दा तल घट्दै गएको खण्डमा र अन्य कोरोनाका लक्षणहरु पनि देखिएको खण्डमा स्वास्थ्यकर्मी वा चिकित्सकसंग फोनमार्फत सल्लाह लिनु पर्दछ। पल्स अक्सिमिटरबाट अक्सिजन जाँच गर्दा शरीर शान्त बनाई, चोर औंलालाई सफा गरी, नङ पालिस भएमा हटाई औंलालाई तातो गराई अनि मात्र जाँच्ने गर्नुपर्दछ।

१७. होम आइसोलेसन बसेका कोरोना संक्रमित व्यक्तिहरुलाई स्वास फेर्न गारो भएको खण्डमा र पल्स अक्सिमिटरबाट अक्सिजनको नाप गर्दा अक्सिजनको मात्रा कम हुँदै गएको खण्डमा पेट मुनी र गोडा मुनी सिरानी राखेर घोप्टो परी सुत्ने गर्नु पर्दछ। यसो गर्नाले फोक्सोमा अक्सिजनको मात्रालाई बढाउने काम गर्दछ।

१८. होम आइसोलेसनमा बसेका कोरोना संक्रमित व्यक्तिहरुले आफ्नो आत्मबललाई स्थिर बनाइ राख्नु पर्दछ र घरका परिवारले पनि यो रोगलाई माया र ममता दिएको खण्डमा छिटो निको हुन्।

१९. कोरोना संक्रमित व्यक्तिले आफ्नो घरपरिवारलाई, छरछिमेक लाई र समाजलाई बचाउने दायित्व मेरो हो भनी आफूले आफूलाईनै छुट्टै बस्नु पर्छ भन्ने सकरात्मक धारणाको विकास गर्नु पर्दछ।

२०.कोरोना संक्रमित व्यक्तिहरूका आवश्यकतालाई घरपरिवार, छरछिमेक र समाजले जुटाइदिने काम गर्नुपर्दछ। साथै स्वास्थ्यमा प्रतिकूल असरहरु देखिएमा घर परिवार, टोल र सम्बन्धित निकायले छिटो उपचारका लागि अस्पताल पुर्यासउने व्यवस्था मिलाउनु पर्दछ। (शर्मा हेल्थ असिस्टेन्ट हुन्)

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ।

# हत्याको आरोपमा एक पक्राउ

बिराटनगर। मोरङको सुन्दर हरैचा नगरपालिका वडा नं. ३ का ४० बर्षीय बिष्णु ऋषिदेवको हत्यामा संग्लग्न रहेको आरोपमा स्थानीय २३ बर्षीय पुजन राई पक्राउ परेको छ।

घाँटीमा धारिलो हतियारले काटिएको अवस्थामा सुतेकै स्थानमा मृत रहेको भन्ने जानकारी पाए संगै जिल्ला प्रहरी कार्यालय मोरङ तथा ईलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरी टोलीले उक्त हत्याको घटनामा राईको संग्लग्नता रहेको पाएसंगै उनलाई पक्राउ गरेको हो।

पक्राउ परेका राईले धारिलो हतियार बामफोकले घाँटीमा प्रहार गरी ऋषिदेवको हत्या गरेको प्रारम्भीक अनुसन्धानबाट खुल्न आएको छ। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# हुण्डी कारोवारमा संलग्न नगद सहित पक्राउ

बिराटनगर। हुण्डी कारोबारमा संग्लग्न रहेको आरोपमा तिन जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ।

बिराटनगर महानगरपालिका वडा नं. ११ रोडषेस चोकबाट २१ लाख भन्दा बढी रकम सहित पक्राउ परेका बिराटनगर महानगरपालिका वडा नं. १३ का २५ बर्षीय श्रवण साह र रंगेली नगरपालिका वडा नं. १ की २५ बर्षीया जिज्ञासा चौधरीलाई सोधपुछ गर्ने क्रममा हुण्डी कारोवारबाट प्राप्त रकम रहेको खुल्न आएको थियो

उक्त कार्यमा संग्लग्न रहेको भन्दै बिराटनगर महानगरपालिका वडा नं. १३ का ३३ बर्षीय अमृत कुमार साह सुडीलाई समेत प्रहरीले पक्राउ गरेको हो।




साह र चौधरीको साथबाट प्रहरीले नेपाली रुपैयाँ २१ लाख ७१ हजार ५ सय र भारतीय रुपैयाँ २३ हजार तथा बिभिन्न बैकका चेकहरु बरामद गरेको थियो।

त्यसैगरी अमृत कुमारको घर कोठा खानतलासी गर्दा मोवायल तथा नगद डिपोजिट रसिद बरामद भएको हो। यसरी ठुलो मात्रामा नगद रकम सहित पक्राउ परेका तिनै जनालाई आवश्यक कारवाहीको लागी राजश्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी बुझाएका प्रहरीले जनाएको छ।

# औषधीको कालो बजारी गर्ने पसल संचालक पक्राउ

बिराटनगर। मोरङको बिराटनगर महानगरपालिका वडा नं. ३ विराट अस्पताल नजिक पश्चिमवासी फार्मेसी संचालकले नक्कली खाता बनाई औषधीमा कालोबजारी गरेको आरोपमा पक्राउ परेको छ।

पक्राउ पर्नेमा सिरहा धनगढीमाई नगरपालिका वडा नं. ७ फुलकाहाकट्टी घर भई हाल विराटनगर महानगरपालिका वडा नं. ३ विराट अस्पताल नजिक पश्चिमवासी फार्मेसी संचालन गर्ने २२ बर्षिय रविन्द्र महतो नक्कली खाता बनाई औषधी कालोबजारी गरेको आरोपमा पक्राउ परेका हुन्।

महतोले सिरहा बरियारपट्टी गाउँपालिका वडा नं. ३ का ४५ को राम नारायण मुखियालाई २०७८ बैशाख २५ गते देखि ३० गतेसम्म फार्मेसीमा औषधी बिक्री गर्दा २ वटा खाता बनाई एउटा खातामा औषधीको बास्तविक मुल्य लेख्ने र अर्को खातामा बढि मुल्य लेख्ने गरेका थिए।

औषधी खरीद गर्ने ग्राहकलाई बढि मुल्यको खाता देखाई औषधीको बढि मुल्य लिने गरेको प्राप्त सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले महतोलाई फार्मेसीबाट नै पक्राउ गरेको हो।

पक्राउ परेका महतोको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# देवरद्धारा भाउजुको हत्या

बिराटनगर। मोरङको पुरानो सदर मुकाम हाल रङगेली नगरपालिका वडा नं. ३ का १९ बर्षीय बिनोद यादवले भाउजुको हत्या गरेको आरोपमा पक्राउ परेको छ।

रङगेली नगरपालिका वडा नं. ३ तिलुवा चौकको नहरमा मृत फेला परेकी २४ बर्षीया अनिता यादवको घाँटीमा काटिएको पाएसंगै अनुसन्धान थालेको प्रहरी टोलीले मृतक कै देवर बिनोदको संग्लग्नता रहेको पाएपछि निजलाई पक्राउ गरेको हो।

मृतक अनिता र देवर बिनोद बिच मंगलवार साँझ झै-झगडा भएको र सोही रिसिईबीका कारण बिनोद यादवले राती ८ बजे धारिलो हतियार दाउले घाँटीमा प्रहार गरी भाउजुको हत्या गरेका थिए।

पक्राउ परेका यादवको सम्बन्धमा ईलाका प्रहरी कार्यालय रङगेलीले थप अनुसन्धान गरिरहेको छ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं।

# खै कहाँ छन् नर्सको हकहितमा बोल्नेहरू ?

रस्मिला थपलिया

कोरोनाको पहिलो लहर सकिन नपाउँदै नेपालमा फेरि कोरोनाको दोस्रो लहर आइएसकेको छ। छिमेकी मुलुक भारतको अवस्था सम्हाल्नै नसिकने अवस्थामा पुगेको सञ्चार माध्यमबाट हेरिरहेका छौं। समाचार सुन्दा र हेरदा जिउ नै सिरिङ्ग हुन्छ। हातगोडा लल्याक-लुलुक हुन्छन् अनि आँखाबाट आँसु झर्न थाल्छ।

हाम्रो देशमा पनि अवस्था झन् झन् बिग्रिँदै गइरहेको छ। दिनप्रति दिन संक्रमितको संख्या बढ्दै छ भने मृत्युदर पनि बढ्दो क्रममा छ। यस्तै हो भने हाम्रो देशमा पनि भारतको जस्तै हालत नहोला भन्न सकिन्न। कोरोनाको पहिलो चरणमा पनि युद्द मैदानमा केही नभनी होमिनेमा हामी स्वास्थ्यकर्मीहरु नै हो। स्वास्थ्यकर्मीले जोखिम मोलेर भोक, निन्द्रा, परिवार केही नभनी संक्रमितलाई ठिक पार्न निरन्तर खटिनै रहे। फ्रन्टलाइनर स्वास्थ्यकर्मीको अथक प्रयासले कोरोनाको पहिलो चरण लगभग पार गर्न सक्षम भइएको थियो। हामीले हाम्रो बलबुद्दि र विवेकले भ्याएसम्म कोसिस गर्यौं। हाम्रो इमान्दारीता र हामिले गर्नु पर्ने धर्म निभायौं। तर करोनाको पहिलो चरणको सुरुवाती दिनमा हामि स्वास्थ्यकर्मीका लागि यो गर्छौं त्यो गर्छौं भनेर ठूलो ठूलो भाषण दिने सरकारले महामारीमा खटिने स्वास्थ्यकर्मीका लागि के गर्यो ?

सरकारको प्रतिवद्धता सबै भाषणमा मात्र सिमित रह्यो। न कुनै स्वास्थ्यकर्मीले जोखिम भत्ता पाए, न कुनै स्वास्थ्यकर्मीले सरकारबाट पाउने कुनै सुविधा नै पाए। त्यसमा पनि नर्सिङ कर्मचारीको सबैभन्दा बढी मारमा परे। मलाई नर्सिङ पेशा सबैभन्दा हेलामा परेको पेशा जस्तो लाग्छ। काम भने मरीमरी गर्नु पर्ने अनि पैसा पनि नपाउने, जस पनि नपाउने। कसैले हाम्रो कामको मुल्यांकन पनि नगरिदिने। अझ दुख कुरा त झन् निजी संस्थामा काम गर्ने नर्सको पिडा छुट्टै छ। झन् त्यो अवस्था कसले बुझिदिने हो? कुनै निजी संस्थाले केही दियो भने त ठिकै हो तर दिएन भने न गुनासो गर्ने ठाउँ छ, न त्यो गुनासो सुनेर समाधान गरिदिने कुनै निकाय नै छ। जति दुःख गर्यो, जति मिहेनत गरे पनि आखिरमा हातमा लाग्यो शून्य जस्तै अवस्था छ।

उपत्यकका अधिकांश अस्पतालमा कोरोनाको बिरामीको उपचारमा बिना जोखिम भत्ता काम गरिरहेका छन्। भत्ता माग्दा कामबाटै निक्लनु परेको अवस्था छ। यसो भन्दै गर्दा हामीले पैसा मात्र मागेको भन्ने बुझ्नुहुन्छ भने त्यो गलत हुने छ। हाम्रो बा-आमले त्यति धेरै खर्च गरेर आफ्नो सन्तानको भविष्य पक्कै पनि राम्रो हुन्छ भनेर यति धेरै मेहेनेत गर्नु भएको होला! यसरी हामीले दिन रात सेवा गर्दै गर्दा, भोक निन्द्रा मार्दै गर्दा, दिनभर पीपीई लगाएर पानी प्यास मार्दै गर्दा बुझ्ने कस्ले? देख्ने कस्ले? मुल्यांकन गर्ने कस्ले? अझ भन्ने हो भने दिसापिसाब लाग्दा ट्वाइलेटसम्म जान पाउदैनौं।

सरकारले यो समयमा प्रोत्साहन मात्र गरिदिए पनि स्वास्थ्यकर्मी दिलोज्यान दिएर खटिन तयार छन्। आफ्ना बा, आमा, श्रीमान्, श्रीमती, छोराछोरी छोडेर युद्धमा होमिन तयार छन् र होमिरहेका छन्। आफू भ्रष्टाचारमा लिप्त सरकारलाई स्वास्थ्यकर्मीको दुःख पिडा कहाँ महसुस होला र? कहिलेकाही लाग्छ हाम्रो देशमा हाम्रो लागि नि सरकार छ र? यस्तो अवस्थामा सरकारले अहिले कोरोनाको दोस्रो लहरको लागि तयार हुनु, कर्मचारीलाई छुट्टी नदिनु भनेर कसरी भन्न सकेको होला? सरकारको यस्तो हाँस्यास्पद कुरा सुनेर कहिलेकाँही खित्का छोडेर हास्न मन लाग्छ। हुन त जनताको सरकार भएको भए पो लाज, घिन हुनु। हुँदा हुँदा सरकारले त अहिले नागरिकको मौलिक हकका रुपमा रहेको स्वास्थ्य उपचार पनि दिन सक्दैनौं भने हात उठाएको अवस्था छ।

कोरोनाको लहर बढेसँगै सबै अस्पतालमा नर्सिङ कर्मचारीको आवस्यकता पर्दछ। सबै अस्पतालले यति जना नर्स चाहियो भनेर विज्ञापन निकाल्छन्। बेरोजगार नर्स दिदिबिहिनीहरुले आवेदन पनि दिन्छन्। यस्तो समयमा कामको अवसर त मिल्छ तर कि त न्यून तलबमा कि त आन्तरिक सहमतिमा कति महिने करार मा हो। नखाउँ भने दिनभरीको सिकार खाउँ भने कान्छो बाउको अनुहार भने जस्तो छ। अस्पताललाई पैसा कमाउनु छ। थोरै तलबमा काम लगाएर धेरै आम्दानी गर्नु छ। नर्सलाई जागिर चाहिएको छ किनकी बेरोजगार बस्नु भन्दा थोरै तलब लिएर जोखिम मोल्न तयार छन्। कोरोनाको पहिलो चरणमा जस्तै आफ्नो स्वार्थ पुरा भएपछि भकाभक नर्सिङ कर्मचारी निकालिन्छन्। सोझो अर्थमा भन्नु पर्दा 'युज एण्ड थ्रो' यसको बारेमा बोलिदिने हाम्रो लागि कुनै निकाय छैनन्। न सरकार छ, न हाम्रो भनिने कुनै संघ सस्था ले नै बोल्छ। यहाँ नर्सको लागि भनेर खोलिएका संस्थाहरु त झन् कहाँ के गरिरहेका छन् अत्तोपत्तो नै छैन। यहाँ कति नर्स श्रम शोषणमा परेका छन्, कुन अस्पतालले कति तलब दिएको छ, कसले भत्ता दिएको छ, को नर्स साँच्चै अप्ठ्यारोमा परेका छन् भन्ने कुराको बारेमा कहिले चासो दिएको जस्तो लागेन। खाली दलको फेरो समातेर कुदेको मात्र देखिन्छ। नर्सहरु आफैं काम गरे गर्छन् मरे मर्छन् हामीलाई के को चासो भन्दै कानमा तेल हालेर बसेका छन्। यहाँ अरु श्रम शोषणमा परेको कसलाई के मतलब छ र!

सबैको श्रमको उचित मुल्यांकन होस्। चाहे स्वास्थ्यकर्मी हुन् वा अरु कुनै पेशामा लागेकाहरु हुन्। कोही पनि श्रम शोषणमा नपरुन्। सबैलाई श्रम दिवसको शुभकामना। सतर्क बनौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यको ख्याल गरौं।



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो। त्यसैलेकर तिरौ देशको राजस्व बढाऔं। स्थायी लेखा नम्बर लिनुहोस दुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस्। लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर। कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्माणमा सभागी बनौं। सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर








## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

